**अर्जुनधारा नगरपालिकाको उन्नाइसौं नियमित अधिवेशनमा अर्जुनधारा नगरपालिकाका उप प्रमुख श्री खड्गमाया पराजुलीज्यूले पेश गर्नु भएको अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम (बजेट वक्तव्य)**

यस गरिमामय नगरसभाका अध्यक्ष महोदय, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

अर्जुनधारा नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय नगरसभाको १९ औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित र हर्षित भएको छु।

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नागरिक अधिकार, समावेशी लोकतन्त्र र सामाजिक न्यायको सुनिश्चितताका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन तथा संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रज व्यक्तित्वहरू, बेपत्ता परिवारजन, घाइते तथा अपाङ्गता भएका योद्धाहरू र लोकतान्त्रिक परिवर्तनका लागि महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

जनताको आवश्यकता, चाहना र अपेक्षालाई केन्द्रमा राखी लोकतान्त्रिक मूल्य, मान्यता तथा संविधानको मर्मअनुरूप आर्थिक-सामाजिक रूपान्तरणलाई तीव्रता दिने उद्देश्यसहित "पूर्वाधारको विकास, गरिबीको अन्त्य-समृद्ध अर्जुनधारा सबैको गन्तव्य" भन्ने मूल नारालाई आत्मसात् गर्दै अर्जुनधारा नगरपालिका अगाडि बढिरहेको छ। यसै सन्दर्भमा राष्ट्रिय आकाङ्क्षा "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी स्थानीय आवश्यकता, उपलब्ध स्रोत—साधन, नागरिक अपेक्षा तथा दिगो विकासका लक्ष्यहरूलाई समेटेर आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

अब म यस नगरपालिकाले चालु आर्थिक वर्षमा हासिल गरेका प्रमुख उपलब्धिहरू तथा आगामी आर्थिक वर्षका नीति, कार्यक्रम र प्राथमिकताहरू यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

**सभाध्यक्षज्यू,**

अब म यस नगरपालिकाको चालु आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रमको संक्षेपमा समिक्षात्मक विवरण पेश गर्न गईरहेको छु ।

१. हामीले चालु आर्थिक वर्षमा जम्मा ९८ करोड ९९ लाख को वार्षिक बजेट तथा कार्यक्रम पारित गरेकोमा हालसम्म कुल आय तर्फ ८१ प्रतिशत आय प्राप्ति भएको छ भने व्यय तर्फ

पुँजिगत तर्फ ५८ प्रतिशत र चालु तर्फ ७६ प्रतिशत खर्च भई समग्रमा ६७ प्रतिशत कुल खर्च भएको छ ।चालु आर्थिक वर्षको अन्त्यसम्ममा कुल ८५ प्रतिशत खर्च प्रगति हुने अनुमान गरिएको छ ।

२. सीमित स्रोतसाधन तथा विभिन्न चुनौतीका बीच पनि नगरपालिकाले सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, विपद् व्यवस्थापन, कृषि तथा पशु सेवा, खेलकुद तथा डिजिटल प्रविधिको क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ।

३. गत भदौ २४ गतेको आन्दोलनका क्रममा नगर कार्यपालिकाको कार्यालय तथा ११ वटै वडा कार्यालयमा आगजनी तथा तोडफोडबाट करिब १६ करोड रुपैयाँभन्दा बढीको भौतिक क्षति पुगेको भए तापनि क्षति भएको एक साताभित्र वडा कार्यालयहरूको एकीकृत सेवा पुनः सञ्चालन गरिएको तथा तीन महिनाभित्रै सबै वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयको मर्मत-सम्भार सम्पन्न गरी सेवा प्रवाहलाई नियमित बनाउने काम भएको छ ।

४. प्रदेश सरकार तथा छिमेकी चार स्थानीय तहको लागत साझेदारीमा वडा नं. १ मदनपुरमा निर्माणाधीन एकीकृत विपद् व्यवस्थापन केन्द्रको भवन निर्माण अन्तिम चरणमा पुगेको छ र आगामी आर्थिक वर्षको प्रारम्भदेखि नै सेवा सञ्चालन गर्ने तयारी पूरा भएको छ।

५. प्रदेशकै नमुना पशु अस्पतालका रूपमा विकास गर्ने लक्ष्यसहित पशु अस्पताल भवन निर्माण सम्पन्न भएको छ। आगामी आर्थिक वर्षदेखि गुणस्तरीय तथा आधुनिक भेटेरिनरी सेवा सञ्चालन गर्ने आधार तयार भएको छ।

६. सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्दै नगरपालिकाको वेब-आधारित डिजिटल नगर प्रोफाइल निर्माण सम्पन्न गरिएको छ। जनसांख्यिक, भौगोलिक, सडक सञ्जाल तथा घरधुरीसम्बन्धी तथ्याङ्क समेटिएको डिजिटल पोर्टल सञ्चालनको अन्तिम तयारीमा रहेको छ।

७. नगरपालिकाको गौरवको आयोजनाका रूपमा वडा नं. ७ मा करिब २,५०० दर्शक क्षमताको प्याराफिटसहित नगर रंगशाला निर्माण कार्य प्रारम्भ गरिएको छ। साथै, खेलकुद क्षेत्रको विकासमा निरन्तर सफलता हासिल गर्दै नगरपालिकाले लगातार चार वर्षदेखि जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी ऐतिहासिक उपलब्धि हासिल गरेको छ।

८. आर्थिक अनुशासन तथा वित्तीय सुशासनलाई सुदृढ बनाउने क्रममा नगरपालिकाको कायम बेरुजुमध्ये चालु आर्थिक वर्षमा २३ करोड बेरुजु नियमानुसार फछ्र्यौट गरिएको छ भने बाँकी बेरुजु फछ्र्यौट गर्ने प्रक्रिया निरन्तर अगाडि बढाइएको छ।

९. क्षेत्रगत कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षमा ८ किलोमिटर सडक कालोपत्रे, ४ किलोमिटर सडक पेवर्स, १५ किलोमिटर सडक स्तरोन्नति, १५०० मिटर तटबन्धन गर्ने लक्ष्य लिई कार्यसम्पादन गरिएको छ ।यसमा देशव्यापी इन्धन अभावका कारण कालोपत्रे सम्बन्धि केही आयोजनाहरु पूर्ण रुपले सम्पन्न हुन बाँकी छ ।

१०. कृषि विकासतर्फ हालसम्म ९,५६९ घरधुरी किसानहरूको सूचीकरण सम्पन्न भई प्रमाणीकरण प्रक्रियामा रहेको छ। चालु आर्थिक वर्षमा २०० विगाहा क्षेत्रफलमा माटो सुधार

कार्यक्रम सञ्चालन गरी ३०० जना कृषकलाई माटो स्वास्थ्य प्रमाणपत्र वितरण गरिएको छ। माटो परीक्षणको सिफारिसअनुसार मलखाद व्यवस्थापन तथा वैज्ञानिक खेती प्रणाली अवलम्बन गर्न कृषकहरूलाई प्रोत्साहित गरिएको छ। धान, मकै, तरकारी, फलफूल तथा आलुका ३६ वटा बाली क्लस्टर क्षेत्र र ३ वटा मौरी क्लस्टर क्षेत्र सञ्चालन गरी व्यावसायिक कृषि उत्पादन विस्तार, आधुनिक प्रविधिको हस्तान्तरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको छ। साथै, कृषकसँगको लागत साझेदारीमा १६९ थान कृषि औजार तथा उपकरण वितरण गरिएको छ। सतह सिँचाइ कार्यक्रममार्फत थप ४१८ विगाहा क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको छ।

११. पशुपन्छी विकासतर्फ चालु आर्थिक वर्षमा ३ हजार कुकुरलाई रेबिजविरुद्ध तथा २० हजार गाईभैंसी र ३० हजार बाख्रालाई विभिन्न रोगविरुद्ध खोप प्रदान गरिएको छ। यस अभियानमार्फत नगरपालिकालाई पिपिआर रोगमुक्त क्षेत्रका रूपमा स्थापित गरिएको छ। दुग्ध पकेट कार्यक्रमअन्तर्गत समूह तथा सहकारीमार्फत कृषकहरूको दुग्ध बजारीकरणमा सहयोग पुर्‍याइएको छ। ४३ वटा विपन्न कृषकका गोठ सुधार गरिएका छन् भने नश्ल सुधार कार्यक्रमअन्तर्गत २८ हजार पशुवस्तुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरी दूध तथा मासु उत्पादनमा वृद्धि गरिएको छ। पशुपन्छी बीमा कार्यक्रममार्फत करिब २० करोड रुपैयाँ बराबरको पशुधन बीमा गरिएको तथा वार्षिक १८ लाख रुपैयाँ बराबरको क्षतिपूर्ति उपलब्ध गराइएको छ। साथै, प्रस्तावित भेटेरिनरी अस्पतालमार्फत आधुनिक प्रयोगशाला, अत्याधुनिक उपकरण तथा भेटेरिनरी चिकित्सकसहितको सेवा उपलब्ध गराउने तयारी भईरहेको छ ।

१२. स्वास्थ्य सेवातर्फ नगरपालिकाले विगत वर्षहरूझैं पूर्ण खोप सुनिश्चितता कायम गरेको छ। सुरक्षित मातृत्व सेवा कार्यक्रमअन्तर्गत सबै प्रसूति सेवा केन्द्रमार्फत दक्ष स्वास्थ्यकर्मीबाट १०० वटा शल्यक्रिया सेवासहित कुल २५८ जनाले प्रसूति सेवा प्राप्त गरेका छन्। उपमेयरसँग आमा–शिशु कार्यक्रममार्फत ६६३ जना आमाहरू लाभान्वित भएका छन्। एचपिभी (HPV) खोप अभियानअन्तर्गत कक्षा ६ मा अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेर समूहका ७०० बालिकालाई खोप प्रदान गरिएको छ। पाठेघरको मुखको क्यान्सर पहिचानका लागि सञ्चालन गरिएको भिआइए स्क्रिनिङ शिविरमार्फत ५०० भन्दा बढी महिलालाई सेवा प्रदान गरिएको छ। साथै, नसर्ने रोगको स्क्रिनिङ शिविरमार्फत २,४०० भन्दा बढी सेवाग्राहीलाई स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइएको छ। आयुर्वेद औषधालयमार्फत पूर्वपञ्चकर्म सेवाअन्तर्गत १३ हजारभन्दा बढी तथा बहिरङ्ग सेवामार्फत ९ हजारभन्दा बढी सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ।

१३. शिक्षा क्षेत्रतर्फ नगरपालिकाले आफ्नै स्थानीय पाठ्यक्रम स्वीकृत गरी "हाम्रो अर्जुनधारा" स्थानीय पाठ्यपुस्तकको पठनपाठन सुरु गरेको छ। माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी विद्यार्थीहरूलाई एम्बिसन गुरु एपमार्फत दक्ष प्रशिक्षकद्वारा अतिरिक्त सिकाइ सहजीकरणको व्यवस्था गरिएको छ। साथै, २८ वटै सामुदायिक विद्यालयलाई डिजिटल हाजिर प्रणालीमा आबद्ध गरिएको छ। शैक्षिक गुणस्तर अभिवृद्धि तथा मूल्याङ्कन प्रणालीमा एकरूपता

कायम गर्न विषयगत शिक्षक समूह गठन गरी कक्षा ४ देखि १० सम्म पालिकास्तरीय परीक्षा सञ्चालन गरिएको छ।

१४. नागरिकमैत्री तथा प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिँदै नगर कार्यपालिकाको कार्यालयमा नागरिक सहायता कक्ष स्थापना गरी डिजिटल नागरिक बडापत्र सञ्चालनमा ल्याइएको छ। उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइएको छ। गुनासो सुनुवाइ प्रणालीलाई सुदृढ गर्दै डिजिटल माध्यमबाट प्राप्त गुनासा तथा सुझावहरूको संकलन तथा समयमै फछ्र्यौट गर्ने व्यवस्था मिलाइएको छ। साथै, सेवा प्रवाहलाई थप गुणस्तरीय, छिटोछरितो र प्रभावकारी बनाउन स्वीकृत दरबन्दीअनुसार आवश्यक जनशक्तिको पदपूर्ति गरिएको छ।

१५. न्यायिक समितितर्फ चालु आर्थिक वर्षमा १०४ वटा मुद्दा दर्ता भएका छन्। दर्ता भएका मुद्दामध्ये ३३ वटा मुद्दा मेलमिलापको माध्यमबाट फछ्र्यौट गरिएको छ भने १२ वटा मुद्दा प्रक्रियामा रहेका छन्। मेलमिलाप हुन नसकेका २६ वटा मुद्दा थप कारबाहीका लागि जिल्ला अदालतमा सिफारिस गरिएको छ। न्यायमा नागरिकको पहुँच विस्तार गर्ने उद्देश्यले वडा—वडामा न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय तहको न्यायिक समितिको क्षेत्राधिकार तथा न्याय सम्पादन प्रक्रियाबारे अभिमुखीकरण प्रदान गरिएको छ। साथै, न्यायिक समिति तथा सूचीकृत मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ।

**नगरपालिकाले वर्तमानमा सामना गरिरहेका प्रमुख चुनौतीहरू**

अब म नगरपालिकाले वर्तमानमा सामना गरिरहेका केही प्रमुख चुनौतीहरूको सन्दर्भमा संक्षेपमा चर्चा गर्दछु ।

१६. नगरपालिकाले प्राप्त गर्ने सीमित अनुदान तथा आन्तरिक आयका स्रोतहरूबाट नागरिकका बढ्दो र विविध अपेक्षाहरूलाई सम्बोधन गर्दै कार्यक्रम सञ्चालन गरिरहेको छ। नेपालको संविधानले साझा अधिकार सूचीमा समेटेका धेरै विषयहरूमा संघीय तथा प्रदेश सरकारबाट आवश्यक कानुन निर्माण हुन नसक्दा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका कतिपय कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ भोग्नुपरेको छ।

१७. भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा क्षति पुगेका सार्वजनिक सम्पत्ति तथा संरचनाहरूको पुनर्स्थापना कार्य अझै पूर्ण हुन सकेको छैन। वडा कार्यालयलगायतका केही पूर्वाधारहरूको मर्मत सम्पन्न हुन नसक्दा सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परेको छ। साथै, आन्दोलनपश्चात सुशासनको नाममा विभिन्न दबाब समूहबाट सार्वजनिक संस्थामाथि अनावश्यक हस्तक्षेप र दबाब सिर्जना हुने प्रवृत्तिले पनि कार्यसम्पादनमा चुनौती थपेको छ।

१८. नगरपालिकाको बजेटको मुख्य आधार नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँड अनुदान हो। तर, पछिल्ला केही आर्थिक वर्षहरूमा आर्थिक

वर्षको अन्त्यतिर अनुदान रकम कटौती हुने प्रवृत्तिका कारण स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरू प्रभावित हुँदै आएका छन्।

१९. नगरपालिकाको आन्तरिक आयको प्रमुख स्रोतका रूपमा रहेको नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री व्यवस्थापनमा विभिन्न चुनौतीहरू देखिएका छन्। अनाधिकृत उत्खनन, चोरी निकासी तथा प्राकृतिक स्रोतको अव्यवस्थित उपयोगका कारण अपेक्षित राजस्व संकलनमा बाधा पुगेको छ भने सार्वजनिक सम्पत्तिको संरक्षणसमेत चुनौतीपूर्ण बन्दै गएको छ।

२०. शनिश्चरे बजार, खुदुनाबारी बजार, माता मन्दिर-महानन्द चौक क्षेत्र तथा बसपार्क आसपास बढ्दो शहरीकरणका कारण लागूपदार्थ दुर्व्यसन, सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण, अव्यवस्थित जग्गा खण्डीकरण, फोहोरमैला व्यवस्थापन तथा ढल निकासजस्ता समस्याहरू दिनप्रतिदिन जटिल बन्दै गएका छन्।

२१. जलवायु परिवर्तनको प्रभावका कारण स्थानीय रैथाने बालीहरूको उत्पादनमा निरन्तर गिरावट आइरहेको छ र परम्परागत कृषि प्रणालीसमेत प्रभावित भइरहेको छ। स्थानीय कृषकहरूको उत्पादनलाई उचित बजारसँग जोड्नु नगरपालिकाको प्रमुख चुनौती बनेको छ। साथै, कृषिमा विषादीको अनियन्त्रित प्रयोग तथा अस्वस्थ जीवनशैलीका कारण क्यान्सर लगायतका दीर्घ तथा जटिल रोगहरूको जोखिम बढ्दै गएको सन्दर्भमा स्वस्थ जीवनशैली प्रवर्द्धन, सुरक्षित खाद्य उत्पादन तथा विषादी नियन्त्रण अपरिहार्य देखिएको छ।

२२. अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुम्बासीहरूको जग्गा व्यवस्थापन नगरपालिकाको प्रमुख प्राथमिकतामध्ये एक भए पनि संघीय स्तरमा देखिएको नीतिगत तथा संस्थागत अस्थिरताका कारण अपेक्षित प्रगति हासिल हुन सकेको छैन। यस विषयको दीर्घकालीन समाधानका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको छ।

२३. यी चुनौतीहरूका बाबजुद नगरपालिकाले उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै सुशासन, विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने दिशामा निरन्तर प्रयास गरिरहेको छ।

२४. इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि, कालोपत्रे निर्माणमा आवश्यक साधन-स्रोतको अभाव तथा निर्माण व्यवसायीले निर्धारित समयमा कार्य सम्पन्न गर्न नसक्दा नगरपालिकाले स्वीकृत गरेका सडक कालोपत्रे आयोजनाहरूको कार्यान्वयन प्रभावित भएको छ। यसले पूर्वाधार विकासका लक्ष्यहरू निर्धारित समयमै हासिल गर्न थप चुनौती सिर्जना गरेको छ।

**सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रमको प्रमुख उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गइरहेको छु ।

२५. स्थानीय कृषि जैविक विविधताको संरक्षण गर्दै रैथाने बालीको उत्पादन, प्रवर्द्धन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ। साथै साना तथा सीमान्तकृत किसानलाई आवश्यक साना

कृषि औजार तथा उपकरण उपलब्ध गराई कृषि उत्पादन, उत्पादकत्व, खाद्य तथा पोषण सुरक्षा र कृषकको आयवृद्धिमा टेवा पुऱ्याइनेछ।

२६. विपन्न तथा लक्षित वर्गको जीवनस्तर सुधारका लागि गोठ तथा खोर सुधार, सुरक्षित आवास तथा स्वच्छ खानेपानी पहुँच विस्तार गरी आधारभूत सेवाको सुनिश्चितता गर्ने।

२७. अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुम्बासीहरूको समस्या समाधान गर्दै भूमि अधिकार सुनिश्चित गर्न जग्गा व्यवस्थापन तथा अभिलेखीकरण प्रक्रियालाई प्रभावकारी बनाउने।

२८. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत डिजिटल सुशासनलाई संस्थागत गर्दै सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, छिटो, प्रभावकारी, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गुणस्तरीय सेवा सुनिश्चित गरिनेछ।

२९. युवा तथा विद्यार्थीहरूमा सिर्जनशीलता, अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलताको विकास गर्न नवप्रवर्तनात्मक कार्यक्रम तथा प्रोत्साहनका योजना सञ्चालन गरिनेछ ।

३०. समावेशी विकास, सामाजिक न्याय, आर्थिक सशक्तीकरण तथा सुशासनमार्फत समृद्ध, आत्मनिर्भर र नागरिकमैत्री नगर निर्माण गर्दै लगिनेछ ।

सभाध्यक्षज्यू,

अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत नीति तथा  कार्यक्रम र  विनियोजन प्रस्तुत गर्न गईरहेको छु ।

**कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीति**

३१. कृषक तथा कृषि व्यवसायको सूचिकरण, अभिलेखीकरण र तथ्यमा आधारित योजना तर्जुमा तथा सेवा प्रवाह प्रणाली विकास गरिनेछ।

३२. कृषि उत्पादन तथा लगानीको सुरक्षा, व्यवसायिक कृषि विस्तार र कृषकको आवश्यकता सम्बोधनका लागि कृषि बीमा तथा मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

३३. उच्च उत्पादन सम्भावना भएका बाली तथा क्षेत्रको पहिचान गरी उत्पादन, उत्पादकत्व, मूल्य अभिवृद्धि र बजारमुखी कृषि प्रणालीको विकास गरिनेछ।

३४. तेलहन, रैथाने तथा स्थानीय सम्भावनामा आधारित बालीको संरक्षण, प्रवर्द्धन, प्रशोधन, ब्राण्डिङ तथा "एक वडा एक उत्पादन" कार्यक्रममार्फत विशिष्टीकृत कृषि उत्पादन क्षेत्र विकास गरिनेछ।

३५. कृषि यान्त्रीकरण, उन्नत प्रविधि विस्तार, बीउ पुँजी परिचालन तथा साझेदारीमा औजार उपकरण उपलब्ध गराई कृषि व्यवसायको प्रतिस्पर्धात्मकता अभिवृद्धि गरिनेछ।

३६. जैविक तथा प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै जैविक विषादी, प्राङ्गारिक मल तथा वातावरणमैत्री कृषि अभ्यासको विस्तार गरिनेछ।

३७. बाली तथा पशु स्वास्थ्य सेवामा कृषकको पहुँच अभिवृद्धि गर्न रोग परीक्षण, उपचार शिविर, प्राविधिक परामर्श तथा प्रयोगशाला सेवाको सुदृढीकरण गरिनेछ।

३८. पशुपन्छी स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा कृषकलाई सहज, सुलभ र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले प्रदेशकै नमुना पशु अस्पताल आगामी आर्थिक वर्षदेखि पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ। उक्त अस्पतालमार्फत आधुनिक प्रयोगशाला सेवा, अत्याधुनिक उपकरणसहितको उपचार सेवा तथा दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरी पशुपन्छी क्षेत्रमा देखिने विभिन्न रोगहरूको निदान, उपचार तथा नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

३९. पशुजन्य रोगको रोकथाम, नियन्त्रण तथा महामारी व्यवस्थापनलाई प्रभावकारी बनाउँदै खोप, औषधि, रोग निगरानी र जैविक सुरक्षा प्रणालीलाई सुदृढ गरिनेछ। साथै, पशु नश्ल सुधार, कृत्रिम गर्भाधान, स्वच्छ दुग्ध उत्पादन तथा आधुनिक पशुपालन प्रविधिको विस्तारमार्फत पशुधनको उत्पादकत्व अभिवृद्धि गरिनेछ।

४०. माछापालन लगायत विविधीकृत पशुपन्छी व्यवसायको विकास तथा विस्तार गरी कृषकको आयआर्जनका स्रोतहरू विविधीकरण गरिनेछ।

४१. सामुदायिक कुकुर व्यवस्थापन, बन्ध्याकरण तथा रेबिज नियन्त्रण कार्यक्रम सञ्चालन गरी मानव तथा पशु स्वास्थ्य सुरक्षालाई सुदृढ बनाइनेछ।

४२. विपन्न कृषकहरूको गोठ तथा खोर सुधार, पशु कल्याण तथा उत्पादनमूलक पूर्वाधार विकासमार्फत कृषकको उत्पादन क्षमता र जीवनस्तरमा सुधार ल्याइनेछ। कृषि तथा पशुपंक्षी विकास तर्फ रु १ करोड ११ लाख बजेट विनियोजन गरिएको छ ।

## सामाजिक विकास सम्बन्धी नीति

४३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा विद्यालय व्यवस्थापन सुदृढीकरणका लागि शिक्षक, कर्मचारी, अभिभावक तथा सरोकारवालाको क्षमता विकास गरिनेछ।

४४. बालबालिकाको विद्यालयमा पहुँच, नियमितता तथा सिकाइ उपलब्धि वृद्धि गर्न दिवा खाजा, स्थानीय पाठ्यक्रम, अतिरिक्त क्रियाकलाप तथा विद्यार्थी केन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ।

४५. विद्यालय शिक्षामा नवप्रवर्तन, विज्ञान तथा प्रविधिमैत्री सिकाइ वातावरण विकास गरी विद्यार्थीको सिर्जनशीलता, अनुसन्धान तथा नेतृत्व क्षमताको विकास गरिनेछ।

४६. आयुर्वेद, योग, ध्यान तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्दै रोगको उपचारभन्दा रोकथाममा आधारित स्वास्थ्य प्रणाली विकास गरिनेछ।

४७. आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्दै मातृ तथा शिशु स्वास्थ्य, पोषण, नसर्ने रोग नियन्त्रण तथा ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य सेवालाई प्राथमिकता दिइनेछ।

४८. समुदायस्तरमै स्वास्थ्य सेवा विस्तार गर्दै "ज्येष्ठ नागरिकसँग नगरपालिका" कार्यक्रममार्फत वडास्तरमा स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन गरिनेछ। साथै नगरवासीलाई निःशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराइनेछ।

४९. महिला तथा बालमैत्री सार्वजनिक सेवा प्रवर्द्धन गर्न सार्वजनिक स्थल तथा बसपार्क क्षेत्रमा स्तनपान कक्ष स्थापना तथा आवश्यक सुविधाको विस्तार गरिनेछ।

५०. नगरपालिकाभित्र रहेका अटिजम भएका बालबालिकाको हेरचाह, शिक्षा, पुनर्स्थापना तथा अभिभावक सहयोगका लागि अटिजम केयर सेन्टर स्थापना तथा सञ्चालन गरी विशेष आवश्यकता भएका बालबालिकालाई सम्मानपूर्वक जीवनयापन र विकासको अवसर प्रदान गरिनेछ।

५१. अपाङ्गता भएका व्यक्तिहरूको समयमै पहिचान, रोकथाम, उपचार, पुनर्स्थापना तथा सामाजिक र आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरी उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गरिनेछ।

५२. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सामाजिक सुरक्षा, संरक्षण, सशक्तीकरण र सम्मानजनक जीवनयापनका लागि विशेष कानून तर्जुमा तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

५३. विपन्न तथा पछाडि परेका समुदायको आधारभूत सेवामा पहुँच सुनिश्चित गर्न नगरपालिकाबाट कम्तीमा २०० विपन्न घरपरिवारको आवाश मर्मत तथा १०० विपन्न घरधुरीमा साझेदारीमा खानेपानी धारा जडान गरी सुरक्षित खानेपानीको पहुँच विस्तार गरिनेछ।

५४. महिला, युवा तथा विपन्न समुदायको आर्थिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता, नवप्रवर्तन, श्रमिक हितकोष तथा आयआर्जनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

५५. बालमैत्री स्थानीय शासन, सामाजिक सद्भाव, लैङ्गिक समानता, जातीय विभेद तथा सामाजिक विकृति न्यूनीकरणका लागि सचेतना तथा संस्थागत कार्यक्रम सञ्चालन गरिनेछ।

५६. सुरक्षित आप्रवासन, डिजिटल साक्षरता, लागुऔषध दुर्व्यसन न्यूनीकरण तथा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्दै सभ्य, सुरक्षित र उत्तरदायी समाज निर्माण गरिनेछ। सामाजिक विकासको क्षेत्रमा कुल ५ करोड २५ लाख बजेट विनियोजन गरिएको छ ।

<u>सुशासन, न्याय तथा संस्थागत विकास सम्बन्धी नीति</u>

५७. न्यायिक समितिमार्फत प्रदान गरिने सेवाको प्रभावकारिता अभिवृद्धि गर्दै नागरिकको न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ। स्थानीय स्तरमा विवाद समाधानको संस्कृतिलाई प्रवर्द्धन गर्न सूचीकृत मेलमिलापकर्ताहरूको क्षमता विकास, अनुभव आदानप्रदान तथा असल अभ्यासहरूको प्रवर्द्धन गरिनेछ।

५८. सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरिनेछ। डिजिटल अभिलेख व्यवस्थापन, अफिस अटोमेसन, विद्युतीय भुक्तानी तथा फेसलेस सेवा प्रवाह प्रणाली क्रमशः कार्यान्वयन गरिनेछ।

५९. बजारलाई स्वच्छ, मर्यादित, प्रतिस्पर्धी तथा उपभोक्तामैत्री बनाउन बजार अनुगमनलाई थप प्रभावकारी र नियमित बनाइनेछ। बजार अनुगमनका लागि आवश्यक न्यूनतम उपकरण, प्रविधि तथा पूर्वाधार नगरपालिकाबाट व्यवस्थापन गरी उपभोक्ता हित संरक्षणमा विशेष जोड दिइनेछ।

६०. स्थानीय शासनमा पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा नागरिक निगरानी लगायतका सुशासनका औजारहरूको अधिकतम प्रयोग गरिनेछ।

६१. गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउँदै नागरिकका सुझाव, गुनासा तथा प्रतिक्रियालाई सेवा सुधारको आधारका रूपमा उपयोग गरिनेछ।

६२. जनप्रतिनिधि, कर्मचारी, न्यायिक समिति, विषयगत समिति तथा सरोकारवालाहरूको क्षमता विकास, कार्यसम्पादन सुधार तथा संस्थागत सुशासन प्रवर्द्धन गरिनेछ।

६३. सूचना प्रविधिको सुरक्षित प्रयोग, साइबर सुरक्षा, तथ्याङ्क संरक्षण तथा डिजिटल प्रणालीप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै आधुनिक र विश्वसनीय स्थानीय शासन प्रणाली विकास गरिनेछ।

६४. सुशासन, सेवा प्रवाह सुधार, न्यायिक व्यवस्थापन तथा संस्थागत विकासका क्षेत्रमा नवप्रवर्तन, अन्तरपालिकागत सिकाइ, अनुभव आदानप्रदान र साझेदारीलाई प्रोत्साहन गरिनेछ।

<u>राजश्व तथा वित्तीय सुशासन सम्बन्धी नीति</u>

६५. कर तथा गैरकर राजश्वका सम्भावित क्षेत्रहरूको पहिचान, अभिलेखीकरण तथा करको दायरा विस्तार गरी आन्तरिक आय अभिवृद्धि गरिनेछ।

६६. व्यवसाय करको दायरा विस्तार गर्दै नगर क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई कर प्रणालीमा आबद्ध गर्न घरदैलो अभियान, करदाता शिक्षा, सचेतना तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। लामो समयदेखि नवीकरण नभएका व्यवसायलाई निश्चित अवधिभित्र नवीकरण गरेमा जरिवाना छुट तथा प्रोत्साहनात्मक व्यवस्था गरिनेछ।

६७. राजश्व प्रशासनलाई डिजिटल तथा प्रविधिमैत्री बनाउँदै करदाता अभिलेख व्यवस्थापन, राजश्व संकलन तथा सेवा प्रवाहलाई थप सरल, पारदर्शी र प्रभावकारी बनाइनेछ।

६८. राजश्व प्रशासनको संस्थागत सुदृढीकरण, कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा राजश्व संकलन कार्यमा खटिने कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ।

६९. राजश्व चुहावट नियन्त्रण, वित्तीय अनुशासन कायम तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्दै उत्तरदायी, न्यायोचित र दिगो राजश्व प्रणालीको विकास गरिनेछ। संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह सुदृढीकरण तथा सुशासनको क्षेत्रमा १ करोड २९ लाख विनियोजन गरिएको छ।

**भूमि व्यवस्थापन तथा सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी नीति**

७०. भू-उपयोग ऐन तथा प्रचलित कानुन बमोजिम जग्गा वर्गीकरण सम्बन्धी विवरणलाई समयानुकूल रूपमा अद्यावधिक गरी योजनाबद्ध भू-उपयोग तथा व्यवस्थित बस्ती विकासलाई प्रवर्द्धन गरिनेछ।

७१. सार्वजनिक तथा सरकारी जग्गा, खुला क्षेत्र तथा अन्य सार्वजनिक सम्पत्तिको खोज, अभिलेखीकरण, संरक्षण तथा सरकारी जग्गामाथि हुने अतिक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७२. अव्यवस्थित बसोवासी, भूमिहीन दलित तथा सुकुम्बासी नागरिकहरूको जग्गा नापजाँच, लगत संकलन तथा प्रमाणीकरण कार्यलाई उच्च प्राथमिकता दिई धनीपूर्जा वितरणका लागि आवश्यक स्रोतसाधन, जनशक्ति तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ।

७३. भूमिसम्बन्धी अभिलेख तथा भू-सूचना प्रणालीलाई प्रविधिमैत्री बनाउँदै अभिलेखीकरण, नक्साङ्कन, तथ्याङ्क अद्यावधिक तथा सेवा प्रवाहलाई थप सरल, छरितो र प्रभावकारी बनाइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

७४. मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि पशुपन्छी वास बगैचा स्थापना, जैविक मार्ग संरक्षण तथा प्रभावित क्षेत्र लक्षित सचेतना एवं व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

७५. नदी, खोल्सा तथा अन्य जोखिमयुक्त क्षेत्रहरूमा तटबन्धन तथा संरक्षणका कार्यक्रम सञ्चालन गरी जनधनको क्षति न्यूनीकरण गरिनेछ।

७६. विपद् जोखिम न्यूनीकरण, उद्धार तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन आवश्यक पूर्वतयारी, जनशक्ति परिचालन, उपकरण व्यवस्थापन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७७. वायु तथा ध्वनि प्रदूषणको अवस्था नियमित अनुगमन गर्न आवश्यक मापन संयन्त्र स्थापना तथा व्यवस्थापन गरिनेछ।

७८. जैविक विविधता, वातावरण तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र दिगो उपयोगका लागि निजी क्षेत्र, गैरसरकारी संस्था तथा सामाजिक संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

७९. सामुदायिक वन उपभोक्ता समूहहरूसँगको साझेदारीमा वृक्षारोपण, वन संरक्षण, हरियाली प्रवर्द्धन तथा गरिबी न्यूनीकरणमा टेवा पुग्ने आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ। वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि आयोजनाहरुका लागि रु १ करोड ४४ लाख विनियोजन गरिएको छ ।

**<u>पूर्वाधार विकास सम्बन्धी नीति</u>**

८०. पूर्वाधार विकासमा गुणस्तरसँग कुनै सम्झौता गरिने छैन। निर्माण कार्यका प्रत्येक चरणमा प्राविधिक मापदण्ड, डिजाइन तथा गुणस्तर परीक्षणको कडाइका साथ पालना गर्दै दिगो र भरपर्दो पूर्वाधार निर्माण सुनिश्चित गरिनेछ।

८१. निर्माणाधीन तथा सम्पन्न पूर्वाधार आयोजनाहरूको नियमित अनुगमन, निरीक्षण, परीक्षण तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाई समयमै, गुणस्तरीय र लागत प्रभावकारी निर्माण सुनिश्चित गरिनेछ।

८२. सडक, पुल, भवन, खानेपानी, सिंचाइ, ढल निकास तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति तथा नियमित मर्मत सम्भारलाई योजनाबद्ध रूपमा कार्यान्वयन गरिनेछ।

८३. पूर्वाधार विकासमा वातावरणीय दीगोपना, विपद् प्रतिरोधी संरचना निर्माण, स्थानीय स्रोतसाधनको अधिकतम उपयोग तथा नवप्रवर्तनकारी प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।

८४. पूर्वाधार निर्माण तथा सञ्चालन प्रक्रियामा पारदर्शिता, जनसहभागिता, सामाजिक उत्तरदायित्व तथा सार्वजनिक अनुगमनलाई प्रभावकारी रूपमा प्रवर्द्धन गरिनेछ। पूर्वाधार विकास सम्बन्धि आयोजनाहरुका लागि रु १० करोड ६८ विनियोजन गरिएको छ ।

**क्षेत्रगत विनियोजन,**

**सभाध्यक्षज्यू**

८५. अब म माथि उल्लेखित आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाको श्रोतबाट गरिएको बजेट विनियोजन तथा श्रोत व्यवस्थापन सम्बन्धि विवरण प्रस्तुत गर्दछु ।

८६. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु ८९ करोड ८५ लाख २५ हजार विनियोजन गरिएको छ ।जसअन्तर्गत नेपाल सरकारको सशर्त अनुदानबाट रु ३४ करोड ३५ लाख, विशेष अनुदानबाट रु ९९ लाख, समपुरक अनुदानबाट रु ६० लाख, प्रदेश सरकारको सशर्त अनुदानबाट रु ३ करोड २५ लाख २५ हजार, समपुरक अनुदानबाट रु ६० लाख बराबरका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।नगरपालिकाको आफ्नो विनियोजनबाट पूर्वाधार विकास सम्बन्धि आयोजनाहरुका लागि रु १० करोड ६८ लाख, वडास्तरीय कार्यक्रमका लागि रु ९ करोड ९० लाख, सामाजिक विकास सम्बन्धि कार्यक्रमहरुका लागि रु ५ करोड २५ लाख, आर्थिक विकास सम्बन्धि कार्यक्रमहरुका लागि रु १ करोड ११ लाख, वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि आयोजनाका लागि रु १ करोड ४४ लाख, संस्थागत विकास तथा सुशासन सम्बन्धि कार्यक्रमहरुका लागि रु १ करोड २९ लाख, तथा नगरपालिकाको प्रशासनिक खर्च व्यवस्थाका लागि रु १७ करोड ८९ लाख विनियोजन गरिएको छ ।

**श्रोत व्यवस्थापन,**

८७. आगामी आर्थिक वर्ष २०८३/०८४ मा खर्चको श्रोत व्यवस्थापनका लागि नेपाल सरकारको वित्तीय समानिकरण अनुदान १७ करोड २५ लाख, राजश्व बाँडफाँड बापत रु १४ करोड ४७ लाख, सशर्त अनुदान रु ३४ करोड ३५ लाख, विशेष अनुदान रु ९९ लाख, समपुरक अनुदान रु ६० लाख प्राप्त गर्ने अनुमान गरिएको छ ।त्यस्तै, कोशी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान १ करोड ६० लाख २३ हजार, राजश्व बाँडफाँड (सवारी) बापत रु १ करोड ७३ लाख ७७ हजार, सशर्त अनुदान रु ३ करोड २५ लाख २५ हजार, समपुरक अनुदान रु ६० लाख प्राप्त गर्ने अनुमान गरिएको छ।

८८. यस्तै, नगरपालिकाको आन्तरिक कर तथा राजश्व संकलनबाट रु ७ करोड ५० लाख,स्थानीय रजिष्ट्रेसन बाँडफाँड अन्तर्गत मालपोत रजिष्ट्रेसन बाट रु ५ करोड, जनसहभागिता बापत रु २ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

**अन्त्यमा,**

८९. स्थानीय सरकारको विकास यात्रा नगरपालिकाको मात्र दायित्व होइन; यो स्थानीय सरकार, निजी क्षेत्र, सामुदायिक संस्था, नागरिक समाज तथा सम्पूर्ण नगरवासीबीचको साझा संकल्प, सामूहिक प्रयास र सहकार्यको अभियान हो भन्ने विश्वास हामीले लिएका छौं। बजेट केवल

आय—व्ययको प्राविधिक विवरण वा कार्यक्रमहरूको सूची मात्र होइन। यो नगरवासीले विश्वासका साथ सुम्पिएको जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्दै नगरको समग्र विकास, सुशासन, सेवा प्रवाह र समृद्धिको मार्गचित्र हो।

९०. यो दस्तावेजले नगरवासीको आवश्यकता, अपेक्षा र भावनालाई सम्बोधन गर्न सकेन भने यसका नीति, कार्यक्रम र बजेटका प्रावधानहरू जतिसुकै उत्कृष्ट भए पनि तिनको सार्थकता स्थापित हुन सक्दैन। त्यसैले नागरिक सहभागिता, सहकार्य, सद्भाव, समर्थन र विश्वासलाई नगर विकासको सबैभन्दा महत्वपूर्ण पुँजीका रूपमा ग्रहण गर्दै यस नगरपालिकाले पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी शासनमार्फत समृद्ध, सुन्दर र समावेशी नगर निर्माणमा निरन्तर प्रतिबद्ध रहने विश्वास व्यक्त गर्दछ।

९१. यो नीति तथा कार्यक्रमले अर्जुनधारा नगरपालिकाको नगरको समृद्धिका लागि आवश्कय पथप्रदर्शन गरेको छ। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, शिक्षक, समाजसेवी, विकास साझेदार संघसंस्था लगायत सबै क्षेत्रको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रमको तर्जुमामा अमूल्य सुझाव दिनुहुने एवं सहयोग गर्नुहुने सम्पुर्णमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सहयोग गर्नुहुनेछ भन्नेमा विश्वस्त छु ।

**धन्यवाद ।**

२०८३ असार १० गते

खड्गमाया पराजुली
नगर उप- प्रमुख एवम संयोजक, बजेट तथा
कार्यक्रम तर्जुमा समिति
अर्जुनधारा नगरपालिका, झापा